च.नं. १२५/२०७०/७१

मितिः२०७१ जेठ २८ गते

सम्माननीय प्रधानमन्त्री ज्यू,
प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय
सिंहदरबार काठमाण्डौं

**विषयः मन्त्रीपरिषदले मनोनय गर्ने सभासदको कोटामा अपाङ्गता भएकाव्यक्तिलाई मनोनय गर्ने मन्त्रीपरिषद संग भएको सम्झौता कार्यान्वयन गर्न स्मरण गराईएको सम्बन्धमा ।**

उपयुक्त सम्बन्धमा अपाङ्गता भएका नागरिकहरुको प्रतिनिधित्व वर्तमान संविधानसभामा छुट भएको विदितै छ । यसै सन्दर्भमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न ३ महिने सडक संघर्ष र ११ दिने रिले २४ घण्टे अनसन बसेको थियो ।

मिति २०७० साल फागुन ३ गते शनिबार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल विच २ बुँदे सहमती भएको थियो । हालै सार्वजनिक संञ्चार माध्यमबाट सम्माननीय प्रधानमन्त्रीज्युले १ हप्तामा २६ जनाको मनोनयको टुँगो लगाउन दलहरुसंग नामावली मागेको भन्ने राष्ट्रिय अपाङ्ग महासंघ नेपालको जानकारीमा आयो ।

तसर्थ नेपल सरकारले आफुले गरेको प्रतिबद्धता र सम्झौतालाई पूर्ण पालना गरी अपाङ्गता भएका नागरिकहरुको पनि मनोनय गर्नु पर्ने अनुरोध सहित सम्माननीय प्रधानमन्त्री ज्यूलाई सम्झौताको पुनःस्मरण गराउन चाहान्छु ।

नेपाल सरकार र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल विच भएको सम्झौताको छायाँ प्रति यसै पत्र साथ संलग्न गरिएको छ ।

(सुदर्शन सुवेदी )
अध्यक्ष